# सामाजिक परीक्षण

# आ. व. २०८०/०८१




# घरपझोङ गाँउपालिका

## १. पृष्ठभूमि

वि. सं. २०७२ सालमा जारी नेपालको संविधानको अनूसूची ८ मा स्थानीय तहलाई २२ वटा एकल अधिकार प्रदान गरेको छ।नेपालको संघिय संरचनामा स्थानीय तहलाई विगतको भन्दा अझ वढी  जिम्मेवार र उत्तरदायी बनाएको छ । स्थानीय जनताका लागि आवश्यक पर्ने सेवा सुविधाहरु व्यवस्थित र प्रभावकारी तरिकाबाट स्थानीय स्तरमानै उपलब्ध गराउन सक्ने प्रर्याप्त अधिकार स्थानीय तहमा रहेको छ। जनतासंग प्रत्यक्ष नजिक रहेर सेवा प्रवाह गर्ने संस्था स्थानीय तह भएकोले स्थानीय तहसंग जनताका इच्छा आकांक्षाहरु बढ्नु स्वभाविक हो । स्थानीय तह तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न तथा शुसासन कायम गर्नका लागि नेपाल सरकारलेसमेत विभिन्न नीतिहरु अवलम्बन गर्दै आएकोछ । स्थानीय स्तरमा भए गरिएको कामकारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो । सामाजिक परीक्षणले स्थानीयतहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गर्दछ । यसमा सेवाप्रदायक संस्थाको नीति, नियम, कार्यक्रम कार्यान्वयन, व्यवहार, स्रोतपरिचालन, सेवाप्रवाहको अवस्था, सेवाको गुणस्तर, पारदर्शिता र प्रभावकारिताबारे सम्बन्धित सेवाग्राही, सेवाप्रदायक व्यवस्थापक पक्ष तथा सो क्षेत्रका सरोकारवालाहरूका धारणाका आधारमा विश्लेषणात्मक लेखाजोखालाई गरिन्छ।

स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए र सोको विश्लेषणबाट प्रभाव सम्मको अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी देखिएको छ। सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्नमा स्थानीय तहलाई ठूलो टेवा पुराउन

मद्दत गर्दछ । सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि स्थानीय तहले सुशासन ऐन तर्जुमा गरी उक्तानुसार आफ्नो सामाजिक परीक्षण कार्यविधि नवनाउँदा सम्म साविकको स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ र गण्डकी प्रदेशको सामाजिक उत्तरदायीत्व प्रवर्धन निर्देशिका, २०७७ लाई आधार लिइएको छ। यसै परिवेशमा घरपझोङ गाँउपालिकाको आ. व. २०८०/०८१ को सामाजिक परीक्षण गरी यो प्रतिबेदन प्रस्तुत गरेको छ ।

## २. सामाजिक परिक्षण सम्बन्धी मौजुदा व्यवस्था

नेपालको संविधानको प्रस्तावनामा सामाजिक न्याय, समानुपातिक समावेशी र सहभागितामूलक सिद्दान्त आदिमा जोड दिएको छ ।यस्तै मौलिक हक अन्तर्गत समानताको हक, सूचनाको हक,वातावरणको हक, शिक्षा सम्वन्धी तथा भाषा र संस्कृति सम्वन्धी, रोजगारी, श्रम र स्वास्थ्य, खाध्य आवास महिला, वालवालिका तथा दलित, ज्येष्ठ नागरिक, सामाजिक न्याय, सामाजिक सुरक्षा जस्ता मौलिकहरुले नगरपालिकाहरुलाई सामाजिक सोच र दृष्टिकोण राख्ने कार्यमा मार्गदर्शन गरेका छन् । संघीय कानूनहरुमा यी मौलिकहकहरुको कार्यान्वयनका लागि संविधान जारी भै गठन भएको संघीय संसदले हालसालै वनाएको कानूनमा व्यवस्था गरी संघीय सरकार र प्रदेश सरकारका साथै स्थानीय सरकारहरुले समेत सहकार्य गर्ने व्यवस्था तत् तत् मौलिक हक सम्वन्धी संघीय कानूनहरुमा व्यवस्था गरिएको छ ।उक्तानुसार स्थानीय तहहरुले समेत नियम तथा निर्देशिकाहरुको व्यवस्था गर्ने सक्नेछन् ।निर्देशक सिध्दान्त र नीतिहरु संविधानको निर्देशक सिद्दान्तहरुमा क्रमशः राज्यको राजनैतिक उद्देश्य,सामाजिक र साँस्कृतिक उद्देश्य,आर्थिक उद्देश्यहरुमा पनि सरकारहरुलाई सामाजिक बन्ने कार्यमा मार्गदर्शन प्रदान गरेका छन् ।त्यसै गरी राज्यको सामाजिक साँस्कृतिक रुपान्तरण सम्वन्धी नीति, विकास सम्वन्धी नीति , प्राकृतिक स्रोत साधनको संरक्षण, नागरिकका आधारभूत आवश्यकता सम्वन्धी नीति, श्रम र रोजगार, सामाजिक न्याय र समावेशीकरण नीति तथा राज्यको दायित्व सम्वन्धी नीतिमा समेत सुशासन र विकासका सामाजिकक मुद्दाहरुको वारेमा प्राथमिकता र जोड दिइएको पाईन्छ । स्थानीय तहका सरकारहरु पनि राज्यका प्रमुख अंग भएकाले

संविधानका उल्लिखित विषयहरुको मार्गदर्शनमा रही वार्षिक नीति तथा कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्नु परम दायित्व हुन आँउछ ।

## ३. नीतिगत तथा कानुनी आधारः

सुशासन ऐन तथा नियमावली, २०६४ र २०६५ मा सरकारका नीति नागरिकहरुको सहभागिता र स्वामित्व तथा पारदर्शिताका प्रवन्धहरु गरिएका छन्। सेवा प्रवाह सम्वन्धी निर्देशिका, २०६५ सुचनाको हक सम्बन्धी ऐन,२०६४ तथा नियमावली, २०६५ मा सार्वजनिक महत्वको विषयमा नागरिकहरुको पहूच सरल र सहज बनाउने विषयहरु, सूचनाको हकको संरक्षणमा सार्वजनिक निकायको दायित्व, दफा ५ र नियम ३ बमोजिम सूचनाको अध्याविधक र प्रकाशन आदिको व्यवस्था साविकको स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ सामाजिक उत्तरदायित्व प्रर्वदन निर्देशिका, २०७७, गण्डकी प्रदेश सामाजिक जवाफदेहिता सघिय मार्गदर्शन ९क्षेत्रगत⁄स्वास्थ्य० लैङिग समानता तथा सामाजिक समावेशीकरण नीति तथा हालको सामाजिक समावेशीकरण नीति, २०७६ मस्यौदामा विशेष अनुदान कार्यविधि, ९संघीय० सामाजिक तथा आर्थिक विषयका लक्षित कार्यक्रम र गरिवी निवारणका क्षेत्रमा नेपाल सरकारले तथा प्रदेश सरकारले स्थानीय तहहरुलाई विशेष अनुदानको प्रवन्ध गरिने व्यवस्था र त्यसको कार्यान्वयन भै सकेको अवस्था छ। त्यस्तै स्थानीय सरकार संञ्चालन ऐन, २०७४ का विभिन्न परिच्छेद तथा दफाहरुमा स्थानीय तहहरु तथा तिनिहरुका अंगहरु जस्तै जिल्ला समन्वय समिति गाउँ नगर कार्यपालिका र वडा समितिका काम र कर्तव्य वा कार्यक्षेत्र आदिका लागि सामाजिक न्यायर सन्तुलन, कल्याण तथा लक्षित वर्ग हित तथा सुशासन एवम वातावरण संरक्षण लगायतका विषयमा जोड दिइएको पाईन्छ ।दफा २४ मा योजना प्राथमिकताका आधारहरुमा सामाजिक पक्षहरुलाई नै वढी जोड दिइएको पाईन्छ ।

यस्तै नेपाल सरकार तथा प्रदेश सरकारका क्षेत्रगत नीति तथा आयोजनाहरुको कार्यान्वयनमा भएका प्रवन्धहरु समेत आदि ।

## ४. सामाजिक परीक्षणको अवधाराणा र यसको महत्व

सामाजिक परीक्षणको अवधारणा तथा सैद्रान्तिक पक्षहरुको अध्ययन गर्दा सन् १९५० को दशक अगाडि पुग्नुपर्ने हुन आउँछ ।सन् १९४० मा निजी क्षेत्रहरुले आफ्ना ग्राहक,कर्मचारी तथा लगानी कर्ताहरुको लागि आवश्यक वस्तु, सेवा तथा नाफार लाभांश आदिको माध्यमवाट  आर्थिक तथा व्यवसायिक हित मात्र हेर्ने परिपाटीमा परिवर्तन गरी उनीहरुको सामाजिक, साँस्कृतिक र मानवीय पक्ष र हितमा समेत ध्यान दिइ असरदार कल्याणकारी कार्यक्रमहरु समेत अगाडि सार्नुपर्दछ भन्ने संस्थागत सामाजिक उत्तरदायित्व (Social Corporate Accountability) को अवधारणा देखा परेको थियो। उक्तानुसार ठूला व्यवसाय तथा उधमहरुले सामाजिक विकासका क्षेत्रहरु खासगरी शिक्षा, स्वास्थ्य, धार्मिकर, साँस्कृतिक तथा कमजोर वर्ग , जोखिममा रहेका समुदायको जीवनको सुरक्षा जस्ता विषयमा आफ्नो नाफाको केही अंश लगानी गरी कल्याणकारी कार्यहरुको प्रारम्भ र विस्तार गरेका थिए ।

निजी क्षेत्रले अभ्यासमा ल्याएको यो संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणालाई सरकारी क्षेत्रले पनि अनुसरण गरी कल्याणकारी राज्यको अवधाराणामा थप इटा थप्ने काम भएको थियो । खासगरी सेवा प्रवाह र विकास व्यवस्थापनको क्षेत्रमा कमजोर वर्ग समुदाय, पिछडिएको क्षेत्रलाई मूल प्रवाहीकरण गरी प्राथमिकता दिने र लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने नीति र अभ्यास सरकारी क्षेत्रले समेत गरेको पाईन्छ । सन् १९८५ देखि १९८८ सम्म स्वीडेन सरकारले सरकारी निकायहरुवाट भएगरेका सेवा आदि कार्यको सर्वेक्षणको प्रतिवेदन समेतका आधारमा सरकारी नीतिहरुमा सामाजिक उत्तरदायित्वलाई वल पुग्ने गरी सरकारी सेवाको सामाजिक परिक्षण गरी प्राप्त नतिजाका आधारमा सुधारका क्षेत्रहरु पहिचान गरिएको थियो । सन् १९९० देखि संयुक्त राष्ट्र संघीय निकाय तथा एशियन विकास वैंक लगायतका दात्रि निकायहरुले समेत यस सामाजिक परिक्षणको विषयलाई आफ्ना नीति र योजनाहरुमा आन्तरिकीकरण गरी जवाफदेहिताका अवयवहरुमा समावेश गरेको पाईन्छ ।मूलतः

यो अवधारणा सुशासनको अवधारणाको विकाससँगै विश्व व्यापीरुपमा मूलप्रवाहीकरण भै विस्तार भएको छ ।नेपाल सरकारका कानून, नीति तथा कार्यक्रम तथा आयोजनाहरुको सुशासनको मापन तथा अनुगमन एवम मूल्याँकनका क्षेत्रहरुमा समेत सामाजिक परीक्षणको विषयलाई समेत आत्मसाथ गरिएको पाईन्छ ।

**आवश्यकताः**

सरकार वा स्थानीय सरकारहरुले पनि आफ्ना विकास योजना तथा कार्यक्रमहरुको पहिचान, छनौट तथा प्राथमिकीकरण गर्दा सवैलाई समान हुने गरी गरिने वितरणकारी (Distributive Justice) तथा कमजोर वर्ग तथा समुदायका लागि पुनःवितरणकारी (Redistributive Justice) नीति र कार्यक्रम ल्याउनुपर्ने हुन आँउछ । त्यतिमात्र होइन विगतका नीति र व्यवहारका कारणहरुले आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका तथा पारिएका वर्ग, समुदायका उत्थान र हितका लागि विशेष लक्षित कार्यक्रमहरुको प्रवन्ध गरी  क्षतिपूर्तिसहितको वितरणकारी (Restoratives Justice) नीतिलाई अवलम्वन गर्नुपर्ने अवस्था रहेको देखिन्छ । लक्षित वर्गकैक्षमता विकास गरी उनीहरुको संलग्नता र सहभागिताको स्तरलाई गुणात्मकरुपमा अगाडि बढाई दया होइन अधिकारमा आधारित विकास योजनाको अवधारणालाई संस्थागत गर्नु आजको आवश्यकता हो ।यो मान्यता अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारहरुका अँगहरुले नीतिगत र कार्यक्रमगत कार्यसम्पादन गरे नगरेको विषयको लेखाजोखा गर्ने काम सामाजिक परीक्षणले गर्दछ । जसवाट नै न्यायपूर्ण र समतामूलक समाज निर्माणमा योगदान पुग्ने देखिन्छ भने सँविधानले परिकल्पना गरेको लोकतान्त्रिक मूल्य मान्यता सहितको समाजवाद प्राप्तिको दिशामा योगदान पुग्ने देखिन्छ ।

सामाजिक परीक्षण माथि भनिए झैं सरकार, तिनका निकायहरु तथा कार्यक्रम एवम आयोजनाहरुको नागरिकहरुवाटै तथा लक्षित वर्गवाटै गरिने औपचारिक पुनरावलोकन हो ।यो सामाजिक लेखाजोखा वा निगरानी (Social oversight) हो जसले सेवा ग्राही तथा सेवा प्रदायक दुवैको  (Demand Ide  / Supply Ide ) क्षमता विकासमा योगदान पूर्याउने लक्ष्य र उद्देश्य लिएको हुन्छ ।सामाजिक परिक्षणले सेवा प्रदायक निकायलाई

अनुगमन भन्दा सशक्तिकरण गर्ने उद्देश्य लिएको हुन्छ भने उत्तरदायित्व र पारदर्शितालाई (Promote accountability and Transparency) प्रर्वर्दन गर्दछ ।
यो प्रभावकारी शासकीय प्रवन्ध वा सुशासनको आधारभूत अवयव (Major tools of governance) हो जसले उत्तरदायी शासन प्रणालीको संस्कृतिलाई अभिवृद्दि गर्दछ । सामाजिक परिक्षणले सेवा प्रदायक तथा लाभग्राहीहरुको बीचमा नियमित अन्तरक्रियाको वकालत (Regular dialogue within Service provider and Citizen)गर्ने मात्र होइन यी दुवैको विश्वास र समझदारीको खाडललाई जोड्ने कार्य (Breezing between Performance/ Trust Gap) पनि गर्दछ ।अन्तत्वगोत्वा यसले शासनलाई वैधानिकता दिनका लागि (Legitimacy rather than Legality) योगदान पूर्याई जवाफदेही शासन¬ (Responsive Governance) मा योगदान पूर्याउँदछ ।
वि. सं. २०७२ सालमा जारी नेपालको संविधानको प्रस्तावना मौलिक हक तथा निर्देशक सिद्दान्त र नीतिमा सामाजिक जवाफदेहिता सम्बन्धी व्यवस्था गरेको छ ।संघ, प्रदेश र स्थानीय तहका विभिन्न ऐन कानुन, नीति, निर्देशिका तथा कार्यविधिहरुमा सामाजिक जवाफदेहिताको विषयलाई प्रमुख प्राथमिकताका साथ व्यवस्था गरेको पाईन्छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दफा ७८ को उपदफा ९५० बमोजिम, सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सामाजिक परिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ।यसरी हालको प्रचलित सामाजिक परिक्षण सम्वन्धी कार्यविधि तथा निर्देशिकाअनुसार स्थानीय तहलाई ऐन तथा नियमावली तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएका सामाजिक उपलब्धि, सवल तथा कमजोर पक्षहरुका साथै सामाजिक जिम्मेवारी बहन गर्न सक्ने क्षमताको लेखाजोखा गरि सुधारका क्षेत्रहरु पहिचान गरी त्यसलाई ठोस कार्ययोजना सहित गाउँ नगरकार्यपालिकावाट पारीत गरी क्रमश कार्यान्वयन गर्दै लैजानु पर्ने देखीन्छ ।

## ५ उद्देश्य

घरपझोङ गाँउपालिकाको आ.व २०८०/०८१ को गाउँपालिकाकै समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो ।

सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता , सेवा प्रवाह , योजना तर्जुमा र कार्यपालिकाका निर्णय प्रकृया आदिको लेखाजोखा यसको केन्द्रविन्दुमा रहेका छन् । स्थानीय तहलाई जनताप्रति जवाफदेही बनाई स्थानीय तहका सरकारका प्रतिनिधि र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जना गर्ने । गाउँपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउने ।गाउँपालिकाले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चको सरोकारवालाहरुलाई जानकारी गराउने ।कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिक श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण गर्ने । गाउँपालिकाका गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने । लक्षित उद्देश्य पूरा भए, नभएको, बजेट सहि रुपमा खर्च भए, नभएको समिक्षा गर्ने ।श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने । दिगो र मापदण्ड बमोजिम काम गर्न पृष्ठपोषण दिने ।

## ५.सामाजिक परीक्षण अध्ययनको आबश्यकता

स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन कार्यको अध्ययन गर्नको लागी सामाजिक परीक्षण अध्ययनको आबश्यकता र महत्व रहेको छ ।

- स्थानीय तहहरुको कार्यसम्पादनमा सरोकारवालाहरुबाट लेखाजोखा गराउन ।
- विकासका क्रियाकलाप तथा सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरीय, पारदर्शी र मितव्ययी बनाउन सेवाग्राहीको प्रत्यक्ष संलग्नता र सक्रिय सहभागिता गराउन ।
- सामाजिक उत्तरदायित्व प्रवद्र्धन गरी विश्वासको वातावरण बनाउन।
- विकासको लाभको सुनिश्चितता कायम गर्न ।
- विकासका लागि उपलब्ध बजेटको अधिकतम सदुपयोग गर्न ।

- विकासमा समुदायको अपनत्व कायम गराउन ।
- विकासको लाभको समन्यायिक बाँडफाँडको सुनिश्चितता कायम गर्न ।

६.सामाजिक परीक्षणका निर्देशक सिद्धान्तहरु

- बहुपक्षीय र विस्तृत
- सहभागिता मुलक
- नियमिता
- पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व

६.१ सामाजिक परीक्षणले समेटेका विषयहरु

घरपझोङ गाँउपालिकाको आर्थिक बर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम र योजनाहरुको समिक्षा लेखाजोखा, कार्यक्रम र योजनाहरुको कार्यन्वयनको अवस्थाको समिक्षा लेखाजोखा, गाँउपालिकाको सेवा प्रवाह अवस्थाको समिक्षा लेखाजोखा, स्थानीय तहको संस्थागत स्व मूल्यांकन (LISA) , वित्तीय जोखिम मूल्यांकन(FRA) र जेसी परीक्षणको समिक्षा

७. सामाजिक परीक्षण विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक तथा सहभागितात्मक बनाउन देहायका विधिहरू प्रयोग गरीएको छ।

७.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

यस अध्ययनको क्रममा विषयवस्तुसंग सम्बन्धित सन्दर्भ सामग्रीहरु अध्ययन गरिएको थियो । जसमध्ये मुख्य मुख्य निम्नासार रहेका छन् ।

- स्थानीय तह सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू,
- घरपझोङ गाँउपालिकाको योजना पुस्तिका, लक्ष्य, उद्देश्य,
- घरपझोङ गाँउपालिकाको आवधिक तथा अन्य योजनाका दस्तावेज,
- घरपझोङ गाँउपालिकाको सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र ,वार्षिक प्रतिवेदनहरू, बुलेटिन,
- गाँउपालिकाको Web site आदि ।

## ७.२ अन्तरकृया, छलफल र स्थलगत अवलोकन

घरपझोङ गाँउपालिकाको पदाधिकारीहरू र विषयगत शाखा प्रमुखसँग छलफल तथा अन्तरक्रिया गरिएको थियो । त्यसै गरि घरपझोङ गाँउपालिकाको आव ०८०।०८१ मा सञ्चालित केहि योजनाहरुको स्थलगत अवलोकन र अध्ययन समेत गरिएको थियो ।स्थलगत अवलोकन र अध्ययनको क्रममा घरपझोङ गाँउपालिकाको वडा नं ५ मा रहेको निर्माणाधिन थिनि एप्पल ग्राम अवलोकन एवं स्थानीय उपभोक्ता समितिका सदस्यहरुसँग अन्तरक्रियाक र  साथै यसबाट पर्ने दिर्घकालीन असर र प्रभाव बारेमा छलफल गरिएको थियो ।

## ७.३ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

आवश्यक सूचना संकलन गरी सोही बमोजिम अध्ययन टोलीवाट अध्ययन तथा विष्लेषण गरी प्रारम्भिक प्रतिबेदन तयार गरिएको थियो।उक्त प्रारम्भिक प्रतिबेदन घरपझोङ गाँउपालिका गाउँकार्यपालिकाका प्रतिनिधिहरु तथा विषयगत शाखा प्रमुखबीचमा प्रस्तुती तथा छलफल गरिएको थियो।उक्त छलफलमा देहायअनुसारको शीर्षकमा केन्द्रीकृत रही छलफलको लागि प्रस्तुत गरिएको थियो ।

प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफलमा भाग लिएका सहभागिहरुको नाम अनूसुचि मा दिइएको छ ।

- घरपझोङ गाँउपालिकाले गरेका विशेषत सो समिक्षा अवधिको र आर्थिक वर्षमा  नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव,
- विकास योजनाहरूमा जन सहभागिताको स्थिति,
- वालवालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको  प्रभावकारिता तथा उपलव्धी,
- सामाजिक उत्तरदायित्व पूरा गर्न स्थानीय तहको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन गर्नुपर्ने कार्यहरु,

- नपाले सामाजिक उत्तरदायित्वका क्षेत्रमा गरेका नविन तथा उदाहरणीय कार्यहरु, र
- नागरिक सशक्तिकरणको प्रवृतिस्तर Trend/ नागरीकको गुनासो र सुझाव आदि ।

### ७.४ अन्तिम प्रतिवेदन तयारी

छलफलमा उठेका सुझावहरुलाई मध्यनजर गर्दै सामाजिक परिक्षणका क्रममा देखिएका सबल पक्ष, सामाजिक क्षेत्रमा भएका उपलव्धी तथा परिवर्तनहरु, चुनौती तथा कमजोरीहरु र सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय तहले चाल्नु पर्ने कदमहरु वा सुझावहरुसहित समावेश गरी यो प्रतिवेदन तयार गरिएको छ।

### ७.५ अध्ययनको सिमा

यस सामाजिक परीक्षणमा घरपझोङ गाँउपालिकाको समिक्षा वर्ष आ.व ०८०-८१ को अवधिमा  सामाजिक क्षेत्रमा भए गरेका मुख्य मुख्य नीति तथा कार्यक्रमहरुको गहन अध्ययन गरिएता पनि सेवा प्रवाहका वारेमा सामान्यरुपमा सरोकारवालाहरुसँग छलफल र अवलोकन गरी सोलाई आधार मानिएको छ । गाँउपालिकाको कार्यालयमा तथा शाखाहरुमा भए गरेका सेवा प्रवाह र वडा कार्यालयहरुमा भएका सेवा प्रवाहको सामान्य अध्ययन, केही आयोजनाको फिल्ड अध्ययन तथा घरपझोङ गाँउपालिकाको भित्रका विभिन्न सरोकारवालाहरुसंग छलफल र अन्तरकृया गरिएको थियो। सामाजिक परीक्षणका लागि जिम्मेवारी तोकिएका व्यक्तिहरुवाट जनप्रतिनिधि र नागरिकहरुसंग संक्षिप्त सोधपुछ गरीएको थियो ।

## खण्ड २

### २.१ घरपझोङ गाउँपालिका परिचय

घरपझोङ गाउँपालिका मुस्ताङ जिल्लामा अवस्थित छ । यो गाउँपालिका मुस्ताङ जिल्लाको सदरमुकाममा रहेको गाउँपालिका हो । वि. सं २०७३ सालमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७५३ स्थानीय तह लागू गर्दा मुस्ताङ जिल्लामा साविकका मार्फा गा.वि.स, टुकुचेको (८,९) वडाहरू र जोमसोम गाउँ

विकास समितिहरूलाई समेटेर घरपझोङ गाउँपालिका घोषणा गरिएको हो । घरपझोङ गाउँपालिकाको क्षेत्रफल ३१९.७७ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिका ५ वडाहरूमा विभाजन गरिएको छ । यस गाउँपालिकाको कूल जनसंख्या ३,७१२ रहेको छ ।

| कुल जनसंख्या | पुरुष | महिला | पारिवारिक झलक | |
|---|---|---|---|---|
| | | | कुल परिवारहरु | परिवारको औसत आकार |
| ३,७१२ | १९४३ (५२.३ प्रतिशत) | १७६९ (४७.७ प्रतिशत) | ११२९ | ३.२९ व्यक्तिहरु प्रति परिवार |

स्रोतः राष्ट्रिय जनगणना २०७८

यस गाउँपालिकाको सिमाना पूर्वमा मनाङ जिल्ला, पश्चिममा डोल्पा जिल्ला, उत्तरमा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, दक्षिणमा थासाङ गाउँपालिका र म्याग्दी जिल्लासम्म छ । जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहबाट न्यूनतम २००० मिटर उचाईदेखि ५००० मिटर भन्दा माथि सम्म फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छन् । गाउँ क्षेत्रका जोमसोम देखि दक्षिण तल्लो भेगमा समशितोष्ण र उत्तरी भेगमा चिसो लेकाली हावापानी पाइन्छ । हिमालपारिको जिल्लाभित्र रहेको गाउँपालिका भएकाले यहाँ ज्यादै नै कम वर्षा हुन्छ । यो ठाउँबाट यसको दक्षिणी भेगमा पर्ने धौलागिरी, तिलिचो पिक, 'याक कावा' तथा निलगिरी हिमालको राम्रो दृश्य देखिन्छ । यो ठाउँ

प्रख्यात तीर्थस्थल मुक्तिनाथ, तिलिचो ताल (मनाङ) र लोमान्थाङ जाने प्रवेश द्वारको रूपमा पनि लिन सकिन्छ ।

## २.२ प्राथमिकता तथा लक्ष्यहरू

घरपझोङ गाउँपालिकाको दीर्घकालिन सोचः
“समावेशी, सामाजिक रुपान्तरण, प्रकृति संरक्षण र संस्कृतिः
कृषि, पर्यटन, पर्यावरण, पूर्वाधार, घरपझोङको समृद्धि ”

## २.३ तथ्याङ्क अवस्था

| शिर्षक | विनियोजित | यथार्थ |
|---|---|---|
| कुल वजेट | ३०,३७,२०,७०० | २३,४७,०२,१४७ |
| आर्थिक बिकास तर्फ | २,८६,७३,६७५ | १,८४,७६,३७५ |
| सामाजिक बिकास तर्फ | ११,३५,८४,३७५ | १०,६२,७३,२५७ |
| पूर्वाधार बिकास तर्फ | ६,७०,०३,६७५ | ४,९९,६८,६१७ |
| सुशासन तथा अन्तसंबन्धित क्षेत्र तर्फ | ७७,२३,६७५ | ६७,७३,६५८ |
| कार्यालय संचालन तथा प्रशासनिक तर्फ | ८,६७,३५,००० | ५,३१,१०,२३९ |

जम्मा राजश्व  संकलन १,१४,८०,३३९
जम्मा खर्च ७७.२७ प्रतिशत
कार्यपालिकाको बैठक संख्याः १४ निर्णय १६५

## २.४ आ व २०८०/२०८१ को प्रमुख सामाजिक नीतिहरु

- स्वास्थ्य संस्थाहरुमा औषधिको उपलब्धता सुनिश्चित गरिने ।
- रैथाने वालीको संरक्षण र प्रर्वद्धनमा जोड दिने ।
- शैक्षिक गुणस्तर सुधार

- पर्यटन शिक्षा विद्यालयबाटै सुरु
- महिलाहरुको क्षमता विकाश
- बालमैत्री गाउँपालिका घोषणा
- व्यवसायिक शिक्षा
- लोक संस्कृति, स्थानिय पर्व र धर्मको संरक्षण

२.५ सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

- जनप्रतिनिधि र कर्मचारीहरु वाट उच्च मनोवलका साथ सेवा प्रवाह भैरहेको ।
- एक वडा एक स्वास्थ्य संस्था स्थापना गरिएको ।
- प्रजनन् स्वास्थ्य शिविर सञ्चालन गरिएको ।
- पूर्ण संस्थागत सुनौलो हजार दिन पोषण कार्यक्रम सञ्चालन गरिएको ।
- गाँउपालिका भित्र निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिएको ।
- विपन्न /दलित/अपाङ्गताको निशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिएको ।
- घरमा प्रसुती हुने प्रवृत्तिलाई न्युनीकरण गर्न स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टरमा प्रसुती गराउन पहल सफलताका साथ संचालनमा रहेको ।
- स्वास्थ्य चौकीको भवन निर्माण कार्यलाई प्राथमिकता दिएको ।
- अत्यावश्यक निशुल्क औषधिहरु खरिद गरि वितरण गर्ने गरेको
- स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनमा जोड दिएको ।
- विज्ञान प्रयोगशाला स्थापना गर्नको लागि जोड दिएको ।
- विद्यालयहरुमा ई-पुस्ताकालय स्थापना गर्नको लागि जोड दिएको ।
- सामुदायिक सरकारी विद्यालयको क्षमता विकास, विद्यार्थी भर्ना अभियान सञ्चालन गरिएको ।
- सम्पूर्ण बिद्यालयको तथ्याङ्ग व्यवस्थापन गरिएको ।
- प्राविधिक शिक्षामा जोड दिएको सिभिल ईन्जिनियरिङ्गको कक्षा सञ्चालन गरेको ।

- शैक्षिक कार्यपात्रो निर्माण गरि पालिकास्तरीय परीक्षा सञ्चालन गरेको ।
- वाल कोष र लैङ्गिक हिसां निवारण कोषको स्थापना भएको ।
- शिक्षा योजना तयार गरेको ।
- स्थानीय पाठयक्रम निर्माण गरिएको ।
- बिद्यालयहरुको सामाजिक परिक्षण सम्पन्न गरिएको ।
- छात्राहरुको लागी उच्च शिक्षा शैक्षिक छात्रवृत्ति शुरु गरिएको ।
- सामुदायिक बिद्यालयहरुमा सेनिटरी प्याड बितरण गरिएको ।
- बिद्यालयहरुको SIP तयार गरिएको ।
- व्यक्तिगत घटना दर्तालाई अनलाईन वाट शुरु गरिएको ।
- वडाको आफनै प्रशासकीय भवनवाट प्रभावकारी सेवा प्रवाह गर्न प्रयास भएको ।
- सामाजिक जिम्मेवारी र उत्तरदायी बनाउने संयन्त्रहरु जस्तैः सार्वजनिक सूनुवाई, र सामाजिक परीक्षण गर्ने कार्यको थालनी भएको ।
- आबश्यक ऐन, कानून, कार्यबिधिहरु र निर्देशिका निर्माण गरि राजपत्रमा प्रकाशन गर्ने गरेको ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्य वैक मार्फत गरिएको ।
- बार्षिक नीति ,कार्यक्रम र वजेट सार्वजनिकिरण web site मार्फत र वजेटको रातो पुस्तीका छापी सार्वजनिकिरण गर्ने गरिएको ।
- योजना कार्यन्वयन स्थलमा योजनाको वारेमा सूचना पार्टी राख्ने कार्य गर्ने गरेको ।
- राजश्व संकलन बिलिङ्ग प्रणालीको कार्य शुरु गरिएको ।
- गाँउपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरेको ।
- गाँउपालिकाको कार्यालयमा ई-हाजिरी प्रयोगमा रहेको ।
- घुम्ती शिविर मार्फत अपाङ्गता परिचय पत्र र जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको ।
- किसान सुचिकृत गरिएको ।
- कृषि /पशु पकेट क्षेत्रहरु निर्धारण गर्न शुरुवात गरिएको ।

- पशु विमा कार्यक्रम शुरु गरिएको ।
- लक्षित बर्गहरुमा आय आर्जनको कार्यक्रम सञ्चालन गरिएको ।
- कृषि /पशु पकेट क्षेत्रहरु निर्धारण गर्न शुरुवात गरिएको ।
- कृषिका फर्म र होमस्टेटहरु दर्ताको अभियान सञ्चालन गरिएको ।
- पशु विमा कार्यक्रम शुरु गरिएको ।
- कृषिका नमूना फर्म मार्फत व्यावसायिकरण जोड दिईएको ।
- गाँउपालिकाको गतिविधिहरु समेटेर त्रैमासिक रुपमा सूचनाको हक सम्बन्धित एकृकित सूचना सार्वजनिकरण गर्ने गरेको ।
- प्राविधिक शिक्षालय सञ्चालनमा ल्याएको ।
- गाँउपालिकाले आन्तरिक आय वृद्धिको लागी जोड दिएको ।
- गाँउपालिकाले लेखा प्रणालीलाई पूर्ण रुपमा बैकिङ प्रणाली मार्फत सञ्चालन गरिएको ।

२.६ सामाजिक परीक्षणबाट देखिएका चुनौती कमी/कमजोरीहरु र हुनुपर्ने व्यवस्था

- दिगो तथा ठुला योजना भन्दा साना तथा आयोजनाको कार्य देखिएको ।
- लेखा परीक्षण प्रतिवेदनले दिएका सुझावहरु कार्यान्वयनको लागि जोड नदिनु ।
- स्थानीय तहहरुको संस्थागत स्व-मूल्याङ्कन (LISA),वित्तिय जोखिम मूल्यांकन(FRA) र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणहरुका प्रतिवेदनहरुले दिएका सुझाबहरु कार्यान्वयनको लागी जोड नदिनु
- कार्यपालिकाका बैठकका निर्णयहरु सार्वजनिकिरण गरिनुपर्ने देखिन्छ ।
- गाँउपालिकाको आवधिक योजना र प्रोफाईल अद्यावधिक नगरिनु ।
- नीति कार्यन्वयनको लागी स्प्रष्ठ कार्ययोजनामा नजानु ।
- आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार भएको तर पूर्ण कार्यान्वयनमा नजानु ।
- टोल विकास संस्थाको अवधारणलाई पूर्ण कार्यान्वयनमा ल्याएको देखिदैन ।

- उपभोक्ता समितिलाई अभिमुखिकरण गरिनुपर्ने देखिन्छ ।
- जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासका लागि पर्याप्त कार्यक्रम नबनाएको ।
- वस्ती बिकास तथा नक्सा पास कार्यबिधि तयार गरि पूर्णरुपमा कार्यान्वयनमा जोड नगरेको ।
- गाँउपालिका मातहातका कार्यालयमा कर्मचारी र सेवाग्राहीको लागी स्तनपान कक्षको व्यवस्था गरिनुपर्ने देखिन्छ ।
- गाँउपालिकाको मातहातका कार्यालयमा ई-हाजिरी को प्रयोग कडाईका साथ लागू गरिनु पर्ने ।
- आवश्यकता अनुसारका स्थानमा कृषि संकलन केन्द्रको निर्माण र व्यवस्थापन गरिनुपर्ने ।
- गाँउपालिकाले वजार क्षेत्रमा फोहोर व्यवस्थापन , वजार व्यवस्थापन र बसपार्क व्यवस्थापनको लागी रणनीतिक योजना तयार गरिनुपर्ने देखिन्छ । घरवाट नै कुहिने र नकुहिने फोहोरको वर्गिकरण कार्य सञ्चालन गरिनुपर्ने ।
- गाँउपालिकाको पर्यटन गुरुयोजना तयार गरि कृषिपर्यटन प्रर्वद्धन र बिकास सम्बन्धि योजनाहरुलाई जोड दिनुपर्ने देखिन्छ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा बृद्धि गर्न जोड दिनुपर्ने ।
- गाँउपालिकालाई वालमैत्री र वातावरण मैत्री बनाउन नेपाल सरकारबाट जारी भएको बालमैत्री स्थानीय शासन र वातावरण मैत्री स्थानीय शासन कार्यविधि अनुरुप कार्यक्रम ल्याईनुपर्ने ।
- महिला, विपन्न तथा पिछडिएका वर्गहरूको सामाजिक, शैक्षिक, आर्थिक विकासका लागि आधुनिक कृषि पशुपालन तथा स्वरोजगारमूलक कार्यक्रमहरूको पहिचान गरी कार्यान्वयनमा ल्याइनु पर्ने ।
- एकृकित सेवा प्रवाहको लागी समुदाय स्तरमा आवश्यकता अनुसार घुम्ती सेवा सञ्चालन गरिनुपर्ने ।
- जेष्ठ नागरिक र वालवालिकाको लागि समुदायस्तरमा स्वास्थ्य शिविर सञ्चालन गरिनुपर्ने देखिन्छ।

- अपाङ्गता भएका व्यक्तिहरुलाई अनुदान र भत्ता साथै जिविकोपार्जन कार्यक्रमहरु सञ्चालनमा जोडदिनुपर्ने ।
- सार्वजनिक शौचालयहरुको व्यवस्था गरि प्रभावकारी दिगो व्यवस्थापकिय आधारमा सञ्चालन र व्यवस्थापन गरिनुपर्ने ।
- खानेपानीका स्रोतहरुको गुणस्तर परीक्षण गरिनुपर्ने ।
- खानेपानीका स्रोतहरुको संरक्षणका पर्याप्त कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने ।
- एक घर एक धारा अभियानका आयोजनाहरु सञ्चालन गरिनुपर्ने ।
- सामुदायिक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन गरिनुपर्ने ।
- सामुदायिक विद्यालयका शिक्षिकाहरु/कर्मचारी सुत्केरी विदामा रहदा आन्तरिक शिक्षक/कर्मचारीको व्यवस्थापन गरिनुपर्ने ।
- सामुदायिक विद्यालयका शौचालयहरुमा स्यनीटेरी प्याड विर्सजनको लागी उपयुक्त संरचना र प्रबिधिको बिकास गरिनुपर्ने ।
- सामुदायिक विद्यालयको बिद्यार्थी र शिक्षकको अनुपात मिलान गरिनुपर्ने । यस्ता कार्य गर्दा वस्ती र विद्यालयको दुरी तलमाथि हुनगएमा विद्यालयवाट नै यातायात व्यवस्था जस्ता नीति लिनुपर्ने ।
- युवाशक्ति लाई बिदेश पलायन रोक्नको लागी युवा उद्यमी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- उद्यमी कार्यक्रम सञ्चालन गर्नेको लागी उद्यमीकोषको स्थापना गरि ऋण सहयोग कार्यक्रम सञ्चालन गरिनुपर्ने ।
- कृषिजन्य उत्पादन बढाउन निजी साझेदारी कार्यक्रम सञ्चालन गरिनुपर्ने ।
- घरवास कार्यक्रम स्थानीय उत्पादनमा आधारित भयोभने उत्तम हुने।
- रैथाने वालीको बिकास र विस्तारमा जोडदिनुपर्ने ।
- योजनाको लागत डिजाईन नेपाली भाषामा तयार गर्दा उपभोक्ता समिति लाई अध्ययन गर्न सजिलो हुने र योजना कार्यन्वयनमा सहजता आउने देखिन्छ ।
- आयोजनामा आयोजना सूचना पाटी राख्ने गरिनुपर्ने देखिन्छ।
- गाँउपालिकाको वजेटको केहि प्रतिशत रकम पालिकाको आम्दानी वृद्धि हुने योजनामा रकम विनियोजन गरिनुपर्ने ।

- गाँउपालिकाले जारी गरेको राजपत्रको बारेमा गाँउवासी र सरोकारवालाहरु बिचमा छलफल चलाउनुपर्ने देखिन्छ ।
- गाँउपालिकाको कर भुक्तानी प्रणाली सेवाग्राही मैत्री साथै प्रबिधि मैत्री वनाउनुपर्ने देखिन्छ ।
- कर्मचारीहरुलाई सेवा प्रवाह सम्बन्धी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने ।
- गुनासोको सम्बोधन गर्नको लागी नागरिकसँग जनप्रतिनिधि जस्ता कार्यक्रमहरु निरन्तर सञ्चालन गरिनुपर्ने देखिन्छ।
- गाँउपालिकाले सेवाग्राही सर्वेक्षण फराम वाट सन्तृष्टी मापन गरिनुपर्ने देखिन्छ ।
- वडास्तरमा मेलमिलाप केन्द्रको क्षमता बिकासमा पहल गर्नुपर्ने देखिन्छ ।
- गाँउपालिकाले सामाजिक जवाफदेहिता प्रवद्र्धन सम्बन्धी कार्यबिधि तयार गरिनुपर्ने देखिन्छ ।
- गाँउपालिका भित्र कार्यरत संघ संस्थाहरुलाई सामाजिक जवाफदेहिताका औजारहरु प्रयोग गरि संघ संस्थाका कार्यक्रमहरुको पारर्दशिता कायम गर्न गाँउपालिकाले पहल गर्नुपर्ने देखिन्छ ।
- निजी सार्वजनिक साझेदारी कार्यक्रमलाई जोड दिनुपर्ने देखिन्छ ।
- गैरसरकारी संस्थाहरुको कार्यक्रम गाँउ सभामा पेश गरिनुपर्ने ।
- गैरसरकारी संस्थाहरुको प्रगति प्रतिवेदन गाँउपालिकालाई उपलब्ध गराउनुपर्ने ।
- सम्भाब्यता अध्ययन गरेर बजेट खर्च गर्नुपर्ने देखिन्छ ।
- लागत सहभागितालाई प्रभावकारी बनाउनुपर्ने ।
- विषयगत समिति र विषयगत शाखा विचको समन्वय हुनुपर्ने ।
- उत्कृष्ट काम गर्ने वडा तथा शाखाहरुलाई कामको आधारमा मूल्यांकन गर्नुपर्ने देखिन्छ ।
- अनुगमनलाई थप प्रभावकारी बनाउनुपर्ने ।
- वजार अनुगमनलाई जोड दिनु पर्ने देखिन्छ ।

- व्यवसाय दर्ताको शिविर सञ्चालन गरिनुपर्ने देखिन्छ ।
- सार्वजनिक सम्पत्तिको संरक्षणमा पालिकाले बिषेश व्यवस्थापन गरिनुपर्ने देखिन्छ ।
- सडक मर्मतलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।
- टोल बिकास संस्थाको गठन पुनर्गठन तथा गरि परिचालन गर्नु पर्ने देखिन्छ ।
- वार्षिक कार्यक्रम तयार गर्दा नीति अनुसरको कार्यक्रम र वजेट तालमेल नगरिनु ।
- बजेट दामासाही रुपमा बाँडफाँड गरिनु।
- मर्मत सम्भार कोषको व्यवस्थापन र उचित परिचालन हुनु नगरिनु ।
- संघ , प्रदेश र सरोकारवाला निकायसँग समन्वय र सहकार्यलाई प्राथमिकतामा कमि रहेको ।

२.७ सुझावहरु

माथि उल्लिखित सवल पक्ष तथा चूनौती र समस्याहरुको पृष्ठभूमिमा आप्नो सामाजिक जिम्मेवारी पुरा गर्न घरपझोङ गाउँपालिकाले चाल्नु पर्ने थप कदमहरु वा सुझावहरु यस प्रकार प्रस्तुत गरिएको छ ।

२.७.१ नीतिगत सुझावहरुः

- घरपझोङ गाउँपालिकाको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनको वैज्ञानीक प्रयोग तथा अन्य आवश्यक रणानीति कार्यनीति तयार गरि सामाजिक जवाफदेहिता औजारहरु (Accountabliity Tools) मूलतः सार्वजनिक परिक्षण, सार्वजनिक सुनवाइ, सामाजिक परिक्षणको क्षेत्रगत मापदण्ड र निर्देशिका तयार गरी समग्र एकिकृत प्रतिवेदन तयार गर्ने ।
- गाउँपालिकाको समग्र क्षमता विकास योजना तयार गरी सामाजिक जवाफदेहिताका औजारहरुका कार्यान्वयन लगायत क्षेत्रगत तथा उपक्षेत्रगत बिषयमा संलग्न सरोकारवाला, पदाधिकारी र जनशक्तिको क्षमता वढाउने।

- लक्षित वर्ग तथा समुदायका आर्थिक तथा सामाजिक हित प्रवद्र्धन गर्नका लागि माग र प्राथमिकता, क्षमता र आवश्यकताका आधारमा नीति तजुर्मा र बजेट विनियोजन गर्ने ।
- गाउँपालिकाको कार्यसम्पादन नियमावली तथा कार्यविभाजन नियमावलीमा सामाजिक परिक्षणको विषयलाई समावेश गर्ने ।
- गाउँपालिकाको क्षेत्रभित्र रहेका विपन्न वर्ग, समुदाय, जाती, आदिको माग र चाहनालाई सम्वोधन Response गर्नका लागि वडा स्तर तथा गाउँपालिका स्तरमा सम्वोधन संयन्त्रको दिगो संस्थागत व्यावस्था कायम गरी प्राप्त सुझाव गुनासो सम्वोधन गर्ने प्रणालीको विकास र अभ्यास गर्ने ।
- गाउँपालिकाको समग्र सेवा प्रवाहकाका लागि एकिकृत सेवा प्रवाह Qmandard Operating Procedure कार्यविधिको निर्माण गरी विधिको शासन तथा पारदर्शिता सुनिश्चित गरी सुशासन प्रवर्दन गर्ने ।
- गाउँपालिकाको आवधिक, क्षेत्रगत, बिषयगत योजना, बार्षिक नीति र बजेटमा सामाजिक परिक्षण बिषयलाई मूलप्रवाहीकरण र प्राथमिकिकरण गर्ने
- गाउँपालिकाको वडामा वजेट तर्जुमा मार्गदर्शन पठाउदा लक्षितवर्ग तथा सामाजिक क्षेत्रका प्रत्यक्ष कार्यक्रमहरु छनौट हुने तथा योजना छनौटमा लक्षितवर्ग सहभागिता सुनिश्चित हुने गरि पठाउने ।
- गाउँपालिकाको Website मा सुशासन सम्वन्धी छुटै section राखी सामाजीक जवाफदेहिता (सामाजीक परिक्षण, सार्वजनिक सुनवाई, सार्वजनिक परिक्षण आवधिक समिक्षाहरु) आदिकोप्रतिवेदन र सुझावलाई समावेश गरी नागरिकहरुलाई उपलव्ध गराउने ।
- गाउँपालिकाको गठन हुन वांकी समितिहरुको गठन गर्ने तथा सभा र कार्यपालिकाको समितिहरुलाई सकृय वनाउने । तिनतहको सरकारको कानुनी व्यवस्था सम्बन्धी
- लैङिग वजेट अवलम्वन गर्ने ।

२.७.२ अन्य सुझाव

- सामाजिक जिम्मेवारीका क्षेत्रहरुमा (शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार तथा उत्पादन, जनचेतना, गरिवी निवारण, लक्षितसमुह क्षमता विकास आदी) वजेट तथा कार्यक्रम वढाउनु पर्ने।
- मख्य बजार क्षेत्र, र ग्रमिण क्षेत्रको विकासका लागि छुट्टाछुट्टै विकास नीति तथा जनसहभागिता नीतिको पुनरावलोकन गर्ने ।
- फोहरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने ।
- लक्षित वर्ग तथा अति गरिव Utra poor केन्दित कार्यक्रमको प्रभावकारीताका लागि भिन्नै क्षेत्रगत विशेष नीति ऐन, कार्यविधि तथा एकिकृत कोष तर्जुमा गरी कार्यन्वयन गर्नुपर्ने ।
- गाउँपालिकाले उपलव्ध गराएका विभिन्न अनुदान तथा लक्षित वर्गका कार्यक्रमको उपलव्धी तथा प्रभाव मुल्याङ्कन गर्नुपर्ने।
- सेवा प्रवाहका सम्वन्धमा न्युनतम वर्षको १ पटक नागरीक प्रतिवेदन र बहिर्गमन अभिमत तयार गर्नुपर्ने (गाउँपालिकाको सेवा प्रवाह सन्तुष्टि मापन) ।
- नागरीकको गुनासो तथा सुझाव लिने र सम्वोधन गर्ने स्थायी संयन्त्र अझ प्रभावकारी वनाउनु पर्ने।
- कर्मचारीहरुको कार्य सम्पादन सुचकमा Key Performance Indicator KRa/KPI आधारीत कार्य विवरण तयार गरि लागु गर्नुपर्ने।
- अनुगमन प्रणालीलाई प्रभावकारी र नतिजामुखी (अनुगमन योजना, अनुगमन सुचक,अनुगमन प्रतिवेदन र कार्यन्वयन सुनिश्चता ) वनाउनु पर्ने।
- गाउँपालिकाको गौरव योजना तथा रुपान्तकारी योजना सहित गाउँपालिकाको आयोजना वैंक तयार गर्नुपर्ने ।
- नीति, कानुन तर्जुमा गरी एवं वडाको संस्थागत क्षमता अभिवृद्धि गरी निश्चित रकम भन्दा कमका योजनाहरुको संझौता, कार्यन्वयन ,मुल्याङ्कन तथा फरफराकसम्वन्धी अधिकार वडा लाई दिनुपर्ने ।
- गाउँपालिकाको नागरीक सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरी सवल र सक्षम नागरिक तयार गर्नमा प्राथमिकता दिनुपर्ने ।

- गाउँपालिकाका रहेका विविधतापर्ण संस्कृतिहरुको संरक्षण र प्रवर्धनका लागि नीति तथा कार्यक्रमको संस्थागत व्यवस्था र बजेट विस्तार गर्ने ।
- गाउँपालिकाका गौरव वा रुपान्तरणकारी आयोजनाहरुको तर्जुमा र कार्यान्वयन गर्दा प्रभावित क्षेत्रका नागरिकहरुको लागि थप रोजगारी सिर्जना हुने, विपन्न वर्गको आयआर्जन र सीप वृद्धि हुने (लघु उद्यम) स्थानीय श्रोतको परिचालन गर्ने तथा जनचेतनामुलक कार्यक्रमहरु संचालन हुने गरी उप आयोजनाहरु तर्जुमा गर्ने ।

# अनुसुचि

## प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफलमा भाग लिएका सहभागिहरुको नाम

आज मिति २०८१/०७/२७ गतेका दिन यस घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन उपर छलफल एवम् सुझाव संकलन कार्यशाला कार्यक्रमको उपस्थिती देहाय बमोजिम छ।

उपस्थिती:-

| | |
|---|---|
| अध्यक्षः- | श्री मोहन सिंह लालचन, |
| उपाध्यक्षः- | श्री जमूना थापा मग, |
| प्र.प्र.अ.- | श्री बेदहरि अधिकारी |
| वडा नं. १. वडाध्यक्षः- | श्री आसबहादुर थकाली |
| वडा नं. २. वडाध्यक्षः- | श्री मानबहादुर हिराचन |
| वडा नं. ३. वडाध्यक्षः- | श्री फलेन्द्र प्रसाद थकाली |
| वडा नं. ४. वडाध्यक्षः- | श्री याम प्रसाद थकाली |
| वडा नं. ५. वडाध्यक्षः- | श्री प्रदिप थकाली |
| कार्यपालिका सदस्य | श्री भिषण थकाली |
| शिक्षा अधिकृत | श्री हिमालाल शर्मा |
| पशु चिकित्सक | श्री आइतबहादुर थकाली |
| प्रशासकीय अधिकृत | श्री केदार सिंह थापा |
| लेखा अधिकृत | श्री सुजित बराल |
| स्वास्थ्य संयोजक | श्री कर्णबहादुर थकाली |
| अधिकृत | श्री सरिता थकाली |
| कृषि अधिकृत | श्री रोशन थकाली |
| सु.प्र.अ. | श्री सुजिता थकाली |

ने.बा. कान्छिमा भण्डारी

उ.वि.स - स्मृति शेला

ना.प.से.प्रा. प्रमी नेपाली

ना.प्र.स.कृषि सन्दिप गुड्डे

मनोसामाजिक परामर्शकर्ता - सीमा चौधरी

न.प्र.ज - रोशनी खाड्का

न.प्र.प. - साजन वि.क

रोजगार सहायक - सुस्मिता नेपाली

Susmita

सुजिता ओझा परामर्शदाता

अनुप घिमिरे ॥


# अनुसुचि
## सामाजिक परिक्षणको क्रममा गरिएको अन्तर्वाता






HIMLAL SHARMA
EDUCATION OFFICER

# केहि असल अभ्यास


गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
ग्राहक महानुभावहरुमा अनुरोध
दर रु.२०।-
पुनः प्रयोग गर्न मिल्ने कपडाको झोला रु.२०।- मा खरिद गरी प्लास्टिक झोलाको प्रयोग न्यूनिकरणमा सहयोग गर्नुहोस् ।
यस पसलमा अर्को पटक सामान खरिद गर्न आउँदा कपडाको झोला साथमा ल्याउनु भएमा हजुरको रु.२०।- बचत हुनेछ ।
सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद ।


घरपफोङ गाउँपालिका
नवीन सोच (Idea Box
विकासको नवीन सोच (Idea) बारे हामीलाई जानकारी गराउन


मुस्ताङ लोकल आलु
घरपझोङ गाउँपालिका
जोमसोम, मुस्ताङ
जातः
तौलः


"फापर. उवाँ र जौ जस्ता रैथाने बालीको उत्पादन बढऔं
खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याऔं"
कृषि ज्ञान केन्द्र
जोमसोम, मुस्ताङ
"प्लास्टिकजन्य वस्तुको प्रयोग न्युनिकरण गरौं"
अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना
जोमसोम, मुस्ताङ
"समावेशी, सामाजिक रुपान्तरण, प्रकृति संरक्षण र संस्कृतिः
कृषि, पर्यटन, पर्यावरण, पूर्वाधार, घरपझोङको समृद्धि"
घरपझोङ गाउँपालिका
जोमसोम, मुस्ताङ